अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-७ संख्याः- १ मितिः-२०८०/०४/०१

## भाग-१

## पौवादुङमा गाउँपालिका

**प्रस्तावनाः**

पौवादुङमा गाउँपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई गाउँपालिका क्षेत्रभित्रका बासिन्दालाई स्वच्छ, प्रभावकारी र सुलभ एकिकृत खानेपानी सेवा प्रदानका सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार

सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पौवादुङमा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम विस्तार र प्रारम्भ:**

(क) यो ऐनको नाम "पौवादुङमा गाउँपालिकाको खानेपानी सेवा (व्यवस्थापन तथा नियमन) ऐन, २०८० रहेको छ।"

(ख) यो ऐन पौवादुङमा गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

(ग) यो ऐन पौवादुङमा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "अनुमतिपत्र" भन्नाले दफा  बमोजिम को अनुमति पत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने सङ्गठित संस्था सम्झनु पर्छ।

(ग) "आपुर्तिकर्ता" भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई खानेपानी आपुर्ति गर्ने उपभोक्ता समिति वा अनुमति पत्र प्राप्त संस्था सम्झनु पर्छ।

(घ) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाई सेवा प्रदान गर्न भौतिक संरचनाको निर्माण विस्तार वा सुधार र तत् सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यको लागि संचालित आयोजना सम्झनु पर्छ।

(ङ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाई सेवा उपयोग गर्ने व्यक्ति संस्था वा निकाय सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले पौवादुङमा गाउँपालिकाको खानेपानी सेवा (व्यवस्थापन तथा नियमन) ऐन, २०८० सम्झनु पर्छ।

(छ) "कार्यपालिका" भन्नाले पौवादुङमा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ज) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी सम्झनु पर्छ।

(झ) "खानेपानी सेवा" भन्नाले तोकिएको मापदण्ड बमोजिमको पानीको सञ्चय, स्थानान्तरण, प्रशोधन तथा वितरण गरी घरेलु, सार्वजनिक संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक ट्याङ्कर वा बोतलबन्दीरुपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ।

(ञ) “गाउँपालिका” भन्नाले पौवादुङमा गाउँपालिका सम्झनु पर्छ ।

(ट) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगाधुन, नुहान, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा जस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनको लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पौवादुङमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ढ) “पानीको स्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, ढुंगेधारा, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ण) “महशुल” भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरेवापत उपभोक्ताबाट लिन पाउने शुल्क सम्झनु पर्छ ।

(त) “वडा” भन्नाले पौवादुङमा गाउँपालिकाको वडा कार्यालयहरु सम्झनु पर्छ ।

(थ) “सभा” भन्नाले पौवादुङमा गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

(द) “सरसफाई सेवा” भन्नाले फोहोरपानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली फोहोरपानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण विकास सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँछ ।

(ध) “सेवाप्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप प्रशोधन संयन्त्र, जलभण्डारण संरचना, जलाशय वा सरसफाई सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाई सेवासँग आवद्ध भएको घर जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(न) “सेवाप्रदायक” भन्नाले खानेपानी सेवा, सरसफाई सेवा, सेवा प्रणालीको निर्माण सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(ऩ) “सेवा क्षेत्र” भन्नाले अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि अनुमतिपत्रमा उल्लेख गरी तोकिएको क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाईको अधिकार र स्रोत सम्बन्धी

**३. पानीको श्रोतमा अधिकारः**

(१) यस ऐन तथा प्रचलित कानूनको अधिनमा रही पौवादुङमा गाउँपालिका भित्र रहेका पानीका श्रोतमा पौवादुङमा गाउँपालिकाको पहिलो अधिकार हुनेछ।

(२) कुनै व्यक्ति वा समुदायले परम्परागत रुपमा घरेलु प्रयोजनको लागि उपयोग गर्दै आएको खानेपानीमा सोही प्रयोजनको लागि त्यस्तो व्यक्ति वा समुदायको अग्राधिकार रहनेछ र अन्य उपभोक्ताको अधिकार रहनेछ।

(३) कुनै खानेपानी प्रणालीबाट कुनै व्यक्ति, बस्ती, समुदाय, विद्यालय, अस्पताल, मठ, मन्दिर र धार्मिकस्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को बैकल्पिक व्यवस्था नभएसम्म सो खानेपानी प्रणालीबाट खानेपानी सेवाप्राप्त गर्ने अधिकार त्यस्तो व्यक्ति, बस्ती, समुदाय, विद्यालय, अस्पताल, मठ, मन्दिर र धार्मिकस्थल जस्ता सामाजिक संस्थाको हकमा सुरक्षित रहनेछ।

**४. खानेपानी उपयोगको प्राथमिकता क्रमः**

खानेपानी उपयोग गर्दा देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछः

(क) खानेपानी र घरेलु उपयोग

(ख) सिँचाई

(ग) पशुपालन तथा मत्स्य पालन जस्ता कृषि जन्य उपयोग

(घ) अन्य

**५. खानेपानी मुल दर्ताः**

(क) गाउँपालिकाको क्षेत्राधिकार भित्र खानेपानीको मुल (मुहान) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो खानेपानीको मुल सहितको आधिकारिक समिति दर्ता गर्नुपर्नेछ। त्यसरी दर्ता भएको समितिले खानेपानी व्यवस्थापन गरी सर्वसाधारण लाई सार्वजानिक रुपमा उपयोग गर्नका लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ। त्यस्तो निवेदन दर्ता भएमा खानेपानी बोर्डले खानेपानीको मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यकता अनुसार स्थलगत अध्ययन गरी दर्ता गर्न मिल्ने देखिएमा खानेपानीको मुलको दर्ता सहितको समिति दर्ता गर्ने अनुमति दिन सक्नेछ।

(ख) संघीय तथा प्रदेश कानून बमोजिम स्वीकृति लिएर गाउँपालिका भित्र सञ्चालन हुने पानीमा आधारित व्यवसाय तथा उपभोक्ता समितिले समेत खानेपानी बोर्डबाट स्वीकृति लिनुपर्नेछ।

**६. पानीको श्रोत तथा मुहानको संरक्षणः**

(१)पानीको श्रोत तथा मुहानको संरक्षण नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा हुनेछ।

(२)खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि देहाय बमोजिमको कार्य गर्नु पर्नेछः

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी पहिरो नियन्त्रण गर्ने

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गर्ने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन गर्ने तथा नियमित रुपमा मर्मत संभार गर्ने

(घ) पानीको संरक्षण सम्बर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षण गर्न जैविक खेती गर्न कृषकलाई प्रोत्साहित गर्ने

(च) खानेपानीको मूल वा वहाव क्षेत्र वा सो क्षेत्रका प्राणीमा प्रतिकूल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने र

(छ) खानेपानीको स्रोत र मुहान संरक्षण सम्बन्धी अन्य कार्य गर्ने।

**७. नागरिकको कर्तव्यः**

पानीको मूल वा मुहान सफा राख्नु संरक्षण र संवर्द्धन गर्नु र दिगो रुपले उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**८. खानेपानी तथा सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापनः**

आधारभूत खानेपानी तथा सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन पौवादुङमा गाउँपालिका अन्तर्गतको खानेपानी बोर्ड मार्फत हुनेछ ।

## परिच्छेद ३

## खानेपानी बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

**९. खानेपानी बोर्डको गठनः**

गाउँपालिका क्षेत्रमा खानेपानीको सेवा प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन, व्यवस्थापन तथा सहजीकरणका लागि पौवादुङमा गाउँपालिकामा देहाय बमोजिमका खानेपानी बोर्ड गठन गरिनेछः

(क) गाउँपालिका अध्यक्ष
अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष
सदस्य

(ग) गाउँपालिका भित्रका सबै वडाका वडा अध्यक्षहरु सदस्य

(घ) अध्यक्षबाट मनोनयन भएको खानेपानी तथा सरसफाइ सेवा क्षेत्रका विज्ञ १ जना
सदस्य

(ङ) उपभोक्ता संस्थाहरुका अध्यक्ष वा प्रतिनिधि मध्येबाट १ महिला र १ दलित सहित बोर्डले मनोनयन गरेका ३ जना सदस्य

(च) सम्पूर्ण उपभोक्ताहरु मध्येबाट १ महिला सहित बोर्डले मनोनयन गरेका ३ जना
सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिव

२ उपदफा १ बमोजिम मनोनित सदस्यको पदाअवधि ४ वर्षको हुनेछ ।

**१०. बोर्डका मनोनित सदस्यहरुको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछ ।**

(क) निजले मनोनयन गर्ने निकाय वा व्यक्ति समक्ष आफ्नो पदबाट लिखित राजीनामा दिएमा

(ख) निजको पदावधि समाप्त भएमा

(ग) निज साहूको दामासाहीमा परेमा

(घ) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा

(ङ) निज बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा

(च) निजको मूत्यु भएमा वा मानसिक सन्तुलन गुमेमा ।

**११. रिक्त स्थानको पूर्ति:**

समिति मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी पद पूर्ति गरिने छ ।

**१२. बोर्डको क्षेत्राधिकारः**

(१) खानेपानी बोर्डको क्षेत्राधिकार पौवादुङमा गाउँपालिका भित्रको सम्पूर्ण भूगोल तथा सेवा प्रदायकले हाल प्रदान गरिरहेको सेवा क्षेत्रलाई समेत मान्नु पर्नेछ ।

(२) गाउँपालिकामा बाह्य वा आन्तरिक श्रोतबाट सञ्चालन हुने खानेपानी आयोजनाहरु खानेपानी बोर्डले सञ्चालन,व्यवस्थापन र नियमन गर्नेछ ।

(३)मुल दर्ता गर्न वा आयोजना संचालन गर्नमा बाधा अवरोध गरेमा यसको सम्पूर्ण अधिकार खानेपानी बोर्डमा निहित हुनेछ।

**१३.	बोर्डको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

## यस ऐनमा अन्यत्र लेखिएको काम कर्तव्य र अधिकार बाहेक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)	खानेपानी तथा सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ख)	खानेपानी सेवा सरसफाइ सेवा तथा आयोजनाको अनुमति पत्र प्रदान, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने

(ग)	सेवा प्रणालीलाई एकिकृत नियमित र व्यवस्थित बनाई सेवा सञ्चालनमा एकरुपता ल्याउने

(घ)	सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्न निर्देशन गर्ने

(ङ)	खानेपानी दुरुपयोग रोक्ने तथा खानेपानी प्रदुषित हुन नदिने

(च)	सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

(छ)	खानेपानी श्रोत वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने

(ज)	सेवा प्रणाली समबन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वियन गराउने

(झ)	उपभोक्ता समिति गठन गरी दर्ता गर्न चाहनेलाई छानबिन गरी सञ्चालन अनुमति प्रदान गर्ने

(ञ)	सञ्चालनमा रहेका उपभोक्ता समितिको अनुगमन, नियमन तथा निर्देशन र नियन्त्रण गर्ने

(ट)	खानेपानी मुहान दर्ता गर्ने उपभोक्ता समितिको विधान स्वीकृत र संशोधन गर्ने

(ठ)	पानीको उपयोगको प्राथमिकता तोक्ने।

(ड)	पानीमा आधारित व्यवसाय संचालनको स्वकृति दिने

(ढ)	खानेपानी तथा मुहान सम्बन्धी विवाद मिलाउने उजुरी उपर कार्वाही गर्ने

(ण)	महशुल निर्धारण गर्ने

(त)	खानेपानी तथा सरसफाइ आयोजनाको मर्मत संभार र पुनः स्थापना गर्ने।

(थ)	सेवा सञ्चालनका लागि आवश्यक पर्ने अन्य काम गर्ने।

**१४.	बोर्डले सेवा सञ्चालन गर्ने गराउनेः**

१. बोर्डले सञ्चालन गर्नुपर्ने सेवा आफैले वा आवश्यक्ता अनुसार अनुमति पत्र प्रदान गरी उपभोक्ता समिति, सार्वजनिक र निजी साझेदारीको ढाँचामा सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ।

२. सार्वजानिक निजी साझेदारीको हकमा देहाय बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछः

(क)	उपदफा १ सेवाको अवधि सम्झौता पत्रमा उल्लेख गरिए बमोजिम हुनेछ।

(ख)	सेवा प्रदायकले पालना गर्नु पर्ने शर्तहरु अनुमति पत्र वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(ग) अनुमतिपत्रको ढाँचा तथा सम्झौतामा उल्लेख हुने कुरा तोकिए बमोजिम हुनेछ।

३. यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानी संरक्षण संवर्द्धन र खानेपानी सेवा संचालन गरि रहेका नाफा रहित समुदायिक संस्था वा उपभोक्ता समुहहरु यो ऐन प्रारम्भ भए पश्चात यसै बोर्ड मार्फत संचालन हुनुपर्नेछ।

**१५. अनुमति पत्र इन्कार गर्न सकिने:** देहायको कुनै अवस्थामा बोर्डले सेवा प्रदायकको अनुमति पत्र दिन इन्कार गर्न सकिनेछ।

(क) प्रचलित कानून बमोजिम दर्ता नभएको

(ख) अनुमति प्राप्त गर्नका लागि तोकिएको प्राविधिक योग्यता वा आर्थिक क्षमता नभएको

(ग) कालो सूचीमा परी कालो सूची कायम रहेको

(घ) तोकिएको अन्य अवस्था विद्यमान रहेको

**१६. सेवा प्रदायकको अनुमति पत्र रद्द गर्न सकिने:**

(१) देहाय बमोजिममा बोर्डले अनुमति पत्र रद्द गर्न सक्ने छ:

(क) काबू बाहिरको परिस्थिति बाहेक अनुमतिपत्रमा तोकिएका अवधिभित्र सेवा सुरु नगरेमा

(ख) सेवा प्रारम्भ गरेपश्चात काबु बाहिरको परिस्थितिमा बाहेक अन्य अवस्थामा नब्बे दिनभन्दा बढी सेवा प्रदान नगरेमा।

(ग) स्वीकृत प्रदान गरिएको भन्दा बढी सेवा महसूल लिएमा

(घ) ऐन, नियमावली, अनुमतिपत्र वा सम्झौता उल्लंघन गरेमा

(ङ) सेवा प्रवाहको मापदण्ड र स्तर उल्लघन गरेमा

(च) बोर्डले दिएको निर्देशनको पालना नगरेमा।

(२) उपदफा १ बमोजिम अनुमति पत्र रद्द गर्नु अघि बोर्डले सेवा प्रदायकलाई सफाईका मनासिब मौका दिनुपर्नेछ।

**१७. समितिको बैठक र निर्णय:**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापिन समितिका कम्तिमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिन भित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको बैठक बोलाउँदा बढीमा पन्ध्र दिनभित्र समितिको बैठक बस्ने गरी समितिको बैठक बोलाउनु पर्नेछ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ।

**१८. सदस्यको भत्ता तथा सुविधाः**

बोर्डका सदस्यले बैठकमा भाग लिए वापत कार्यपालिकाले तोकिए बमोजिम भत्ता पाउने छन ।

**१९. बोर्डको विशेष अधिकारः**

**(१) ऋण तथा सहयोग लिन सकिनेः**

खानेपानी सेवा प्रदायक संस्थाले नेपालभित्रको कुनै वैंक, वित्तिय संस्था बाट ऋण वा सहयोग प्राप्त गर्न बोर्डको सिफारिसमा कार्यपालिका बाट स्वीकृति लिनुपर्नेछ र विदेशी सरकार अन्तरराष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न बोर्डको सिफारिसमा गाउँसभाबाट स्वीकृति लिनुपर्नेछ।

**(२) लगानी गर्न सक्नेः**

उपभोक्ताहरुको हितलाई ध्यानमा राखी बोर्डले गाउँपालिका वा अन्य दातृ निकायको सहयोगमा लगानी व्यवस्थापनका लागि पहल गर्नेछ ।

## परिच्छेद ४

## अनुमति पत्र सम्बन्धी व्यवस्था

**२०. अनुमति पत्र लिनुपर्नेः**

(१) कसैले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण निर्माण सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको सार्वजानिक संस्थागत तथा व्यवसायिक उपयोग गर्न वा गराउन चाहेमा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) अनुमति पत्रका लागि आवश्यक अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ५

## उपभोक्ता समिति दर्ता सम्बन्धी व्यवस्था

**२१. उपभोक्ता समिति दर्ता गर्नुपर्नेः**

(१) गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पँहुच सबै पालिकाबासीहरुमा पुऱ्याउने उद्देश्यले उपभोक्ता समितिको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति तोकिए बमोजिम गाउँपालिकामा सूचीकृत गर्नुपर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई सञ्चालित उपभोक्ता समिति पनि यो ऐन प्रारम्भ भएको मितिले ६ महिना भित्र सूचीकृत हुनुपर्नेछ।

(४) उपभोक्ता समितिको दर्ता तथा नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२२. उपभोक्ता समिति सम्बन्धी अन्य व्यवस्था:**

उपभोक्ता समितिको कार्यक्षेत्र वर्गिकरण उपभोक्ता समितिको विगठन लगायतका विषयहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## महशुल तथा सेवा शुल्क सम्बन्धी

**२३. महशुल निर्धारण समितिको गठन:**

(१)खानेपानी सेवा तथा सरसफाई सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने उपभोक्ताले तिर्नुपर्ने महशुल निर्धारण गर्न एक खानेपानी तथा सरसफाई सेवा महशुल निर्धारण समिति रहनेछ।

(२)उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरु रहनेछन:

(क) गाउँपालिका उपाध्यक्ष — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग)पूर्वाधार शाखा प्रमुख — सदस्य

(घ) राजस्व शाखा प्रमुख — सदस्य

(ङ) सामाजिक विकास समितिको सदस्य सचिव — सदस्य सचिव

**२४. समितिको बैठक:**

(१)समितिको बैठक वर्षको कम्तिमा तीन पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२)समितिले महशुल निर्धारण प्रतिवेदन खानेपानी बोर्ड समक्ष पेश गर्नेछ।

**२५. महशुल शुल्क वा सेवा शुल्क लिन पाउने अधिकार:-**

(१)खानेपानी बोर्ड मार्फत संचालन तथा व्यवस्थापन गरेको खानेपानी तथा सरसफाई आयोजनालाई र अनुमति पत्र प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाई सेवा उपयोग गरे वापत समितिले निर्धारण गरे बमोजिमको महशुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ।

(२)उपभोक्ताहरुबाट प्राप्त महशुल तथा सेवा शुल्क खानेपानी बोर्डको नियम बमोजिमको कोषमा जम्मा गरिनेछ।

(३)उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि खानेपानी बोर्डले विपन्न व्यक्ति तथा परिवारलाई महशुल लगायत तोकिए बमोजिमको सेवामा तोकिए बमोजिमको सहुलियत दिन सक्नेछ।
स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि विपन्न व्यक्ति तथा परिवार भन्नाले पौवादुङमा गाउँपालिकाले वितरण गरेको परिचय पत्रका आधारमा कम आय भएका व्यक्ति तथा परिवार सम्झनु पर्छ।

**२६. असुल उपर गर्नेः**

(१)यस ऐन बमोजिमको महशुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट खानेपानी बोर्डले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

**२७. मिनहा दिन सक्नेः** नेपाल सरकारले नेपाल राजपत्र, प्रदेश सरकारले प्रदेश राजपत्र तथा पौवादुङमा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आफूले संचालन तथा व्यवस्थापन गरेका खानेपानी सेवाको विषम परिस्थितिका कारणले कुनै खास क्षेत्रका उपभोक्ताले खानेपानीको महशुल तिर्न असमर्थ भएमा वा विपन्न सिमान्तीकृत समुदायको लागि जडान भएको खानेपानीको धारामा लाग्ने महशुल घटाउन वा मिनाहा दिन सक्नेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि विषम परिस्थिति भन्नाले कुनै प्रकोपको कारण खानेपानी सेवा संचालन नभएको वा सिमित मात्रामा संचालन भएको अवस्थालाई जनाउँछ ।

## परिच्छेद ७

## कसुर र सजाय सम्बन्धी

**२८. कसुर र सजायः**

(१)कसैले देहायका कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ।

(क) खानेपानीको मुहान दर्ता तथा आयोजना सांचालन गर्न बाधा अवरोध गर्ने गराउने र अवरोध गर्न सहयोग पुर्याउने

(ख) अनुमति नलिई खानेपानी सेवा सरसफाई सेवा आयोजना वा सेवा प्रणालीको निर्माण वा संचालन गरेमा।

(ग) उपभोक्ता संस्था वा अनुमति पत्र प्राप्त संस्थाले अनुमति पत्रमा तोकिएको सेवा क्षेत्रभित्र खानेपानी प्रणालीबाट नियमित रुपमा खानेपानी सेवा उपलब्ध नगराएमा ।

(घ) खानेपानी सेवा तथा सरसफाई सेवाको अनाधिकृत प्रयोग गरेमा वा त्यसको दुरुपयोग गरेमा ।

(ङ) अनुमतिपत्र प्राप्त संस्थाले जडान गरेको निजी धारामा उपभोक्ताले सो संस्थाको स्वीकृति बिना कुनै अवाञ्छित फाइदा लिने उद्देश्यले कुनै कार्य गरेमा ।

(च) खानेपानीको पाइपबाट कुनै यन्त्र जाडान गरि अनाधिकृत पानी प्रयोग गर्ने कार्य गरेमा ।

(छ) जलाधार क्षेत्रभित्र खानेपानी प्रदूषित गर्ने वा पानीको परिमाण वा बहावमा असर पर्ने कुनै कार्य गरेमा ।

(ज) खानेपानी सेवा सरसफाई सेवा आयोजना वा सेवा प्रणालीको कुनै संरचना वा जडित पाइप वा सामान वा जडित मिटर वा प्रशोधन प्रणाली वा अन्य उपकरण विगारे वा नष्ट गरेमा ।

(झ) अनुमति पत्र प्राप्त संस्थाले यस ऐन बमोजिम निर्धारण भएको महशुल विपरित महशुल लिएमा ।

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) खानेपानीको मुहान दर्ता आयोजना संचालन गर्न बाधा र अवरोध गर्ने र गराउने र अवरोध गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई सो आयोजनाको कूल लागतको ३३ प्रतिशत आर्थिक दायित्त्व बराबरको रकम सम्म जरिवाना

(ख) खण्ड (क) बमोजिम कसुर गरेमा त्यसता समितिका सदस्यहरुलाई खानेपानी बोर्डले जनहि रु दस हजार रुपैयाँ सम्म जरिवाना

(ग) खण्ड (ख), (ग), (घ) र (झ) बमोजिमको कसूर गरेमा बीस हजार सम्म जरिवाना

(घ) खण्ड (ङ) देखि (ज) सम्मको कसूर गरेमा दुई लाखसम्म जरिवाना

(३) यस दफा बमोजिम कसूरको उजुरी तथा छानबिन गरी सजाय गर्ने अधिकार खानेपानी बोर्डलाई हुनेछ ।

(४) बोर्डले उपदफा (२) बमोजिम गरेको सजाय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद ८
## विविध

**२९. निर्देशन दिन सक्ने**

सेवाको गुणस्तर कायम गर्ने वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा कार्यपालिकाले खानेपानी बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु खानेपानी बोर्डको कर्तव्य हुनेछ ।

**३०. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:-**

(१) खानेपानी प्रदायक संस्थाले त्रैमासिक प्रगती प्रतिवेदन र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समिक्षा सहितको वार्षिक प्रगति प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) खानेपानी बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र पौवादुङमा गाउँपालिका भित्र खानेपानी क्षेत्रमा भएका कामको सम्पूर्ण विवरण समेत समावेश गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**३१. स्रोत उपयोग विवाद निरुपण समिति:**

खानेपानीको स्रोत उपयोगको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानका लागि प्रत्येक वडामा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएका एक स्रोत उपयोग विवाद निरुपण समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | अध्यक्ष |
| (ख) | कार्यपालिका सदस्यहरु तथा वडा सदस्यहरु | सदस्य |
| (ग) | सामाजिक विकास समितिको सदस्य सचिव | सदस्य सचिव |

**३२. नियम बनाउने अधिकार**

यस ऐनको उद्‌देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**३३. निर्देशिका बनाई लागू गर्न सक्ने**

यो ऐनमा यस अन्तर्गत बनेको नियमको अधिनमा रहि आवश्यक निर्देशिका बनाई लागू गर्नेछ ।

३४. बचाउ

यो ऐन प्रारम्भ हुँदाका बखतसम्म उपभोक्ता समिति मार्फत भएका कामकार्वाहीहरु तत्कालिन खानेपानी उपभोक्ता समितिमा निहित रहनेछ ।

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत